नि.प्र.का. सप्तरी द.नं. ९९/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३५ अंक २४७ २०८३ साल बैशाख २६ गते शनिबार (9 May 2026 Saturday) मूल्य रु. ५/-

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं।

**Log in : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : मनसुन अवधिमा सरदरभन्दा ... ३ पृष्ठमा : हिमाल आरोहणप्रति बढ्दो ... ३ पृष्ठमा : हर्मुज क्षेत्रमा तनावपछि ...

# विज्ञापनमा लगाएको नाकाबन्दी संघीयता मर्म विपरीत : लामिछाने




**दैनिक समाचारदाता**
**राजविराज २५, बैशाख ।**

नेपाल पत्रकार महासंघका केन्द्रिय लेखा समिति संयोजक केसी लामिछानेले संघीय सरकारले विज्ञापनमा लगाएको नाकाबन्दी संघीयताको मर्म विपरीत भएको भन्दै अविलम्ब फिर्ता लिनुपर्ने माग गरेका छन्।

सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिका ११ स्थित सखुवामा शुक्रबार आयोजित नेपाल पत्रकार महासंघ सप्तरीको १२ औं बार्षिक साधारणसभालाई सम्बोधन गर्दै उनले सो माग गरेका हुन्।

कार्यक्रममा बोल्दै लामिछानेले बालेन्द्र शाह नेतृत्वको सरकारले विज्ञापनमा लगाएको आर्थिक नाकाबन्दी उद्वार आर्थिक नीति विपरीत रहेको टिप्पणी समेत गरे। सरकारले मिडियामाथि अंकुश लगाएर निरङ्कुशता प्रदर्शन गरेको उल्लेख गर्दै कार्यक्रमका प्रमुख अतिथि लामिछानेले संघीय सरकारको असंवैधानिक कदम विरुद्ध एकजुट हुनुको विकल्प नरहेको बताए।

नेपाली सेना बालेन्द्र सरकारको कटपुतली भएको चर्चा गर्दै उनले राष्ट्र र जनताको रक्षा गर्नुपर्ने सेनाले भुमीहीन, सुकुम्बासीलाई त्रसित गरि सेना र देशको स्वाभिमान घटाएको भन्दै आक्रोश व्यक्त गरे।

प्रदेश समिति अध्यक्ष श्याम बन्जाराले सरकारको गलत नीतिले हजारौं श्रमजीवी पत्रकारहरुको रोजगारी खोसिने जोखिम बढेको भन्दै सरकारी निर्णय विरुद्ध सशक्त रुपमा उत्रन आग्रह गरे।

राजविराज नगरपालिकाकी कार्यबाहक प्रमुख इसरत परविनले पत्रकारहरुले परिबर्तनका लागी गरेको योगदान अविस्मरणीय रहेको उल्लेख गर्दै संघीय सरकारको विज्ञापनमा लगाएको रोक अव्यवाहारिक रहेको भन्दै असन्तुष्टि व्यक्त गरिन।

प्रमुख जिल्ला अधिकारी टुवराज पोखरेलले संख्यात्मक भन्दा गुणस्तरीय पत्रकारितामा जोड दिदै पत्रकारितालाई मर्यादित,

*बाँकी अन्तिम पृष्ठमा*

# लालपूर्जा माग्दै नगरवासी उत्रे सडकमा



**दैनिक समाचारदाता**
**राजविराज २५, बैशाख ।**

लालपूर्जाका लागी संघर्षरत राजविराजवासी पुनःआंदोलित भएका छन। प्रमुख जिल्ला अधिकारी देखि प्रधानमन्त्री सम्मलाई ७ दिने अल्टिमेटम सहितको ध्यानाकर्षण पत्र बुझाउँदै उनीहरु आन्दोलित भएका हुन्।

करिब ६६ वर्ष देखि लालपूर्जा प्राप्तीका लागी नगरवासीद्वारा गठित जनआन्दोलन परिचालन समितिले लालपूर्जा प्रदान गर्न तथा विगतमा बैंक तथा वितिय संस्थामा उक्त जग्गा धितो राखेर पाइने गरेको ऋृण सुविधा पुनः सुचारू गर्नु पर्ने दुई बुँदै मांग अघि सार्दै प्रमुख जिल्ला अधिकारी मार्फत प्रधानमन्त्री तथा अन्य सरोकारवाला निकायमा ध्यानाकर्षण पत्र पठाएका छन।

जन आन्दोलन परिचालन समितिका संयोजक खेलानन्द दासको नेतृत्वमा जिल्ला प्रशासन कार्यालय सप्तरी पुगेको टोलीले प्रमुख जिल्ला अधिकारी टुबराज पोखरेल मार्फत प्रधानमन्त्री तथा अन्य सरोकारवाला निकायलाई ध्यानाकर्षण पत्र बुझाएको छ।

ध्यानाकर्षण पत्रमा विगतमा आन्दोलनकारी पक्ष संग गरिएको सहमति हालसम्म कार्यान्वयन

*बाँकी अन्तिम पृष्ठमा*

**लागुऔषध**

नशा होइन समाधान
यसले खोस्छ सबै इज्जत-सम्मान
परिवार अनि भविष्य सम्झेर लागुऔषधलाई
"हुदैन" भान।
**आमसंचार प्राधिकरण**
**मधेश प्रदेश, जनकपुरधाम**

साथी लोभ्याउँछ एकचोटी, पछि तिमी खान्छौ आफै
कति चोटीदृढ बनौ, इन्कार गरौं, दुर्व्यसनबाट
टाढा रहौं।
**आमसंचार प्राधिकरण**
**मधेश प्रदेश, जनकपुरधाम**

सुन, गुन, बिचार गर
"होइन" भने नशा र दुव्यर्सनलाई
"हो" भन घरपरिवार अनि भविष्यलाई।
**आमसंचार प्राधिकरण**
**मधेश प्रदेश, जनकपुरधाम**

# मनसुन अवधिमा सरदरभन्दा कम वर्षा र तापक्रम बढ्ने पूर्वानुमान

**प्रगति ढकाल**

काठमाडौं, २५ वैशाख (रासस)।

जल तथा मौसम विज्ञान विभागले यस मनसुनमा नेपालमा सरदरभन्दा कम वर्षा हुने र तापक्रम बढ्ने प्रक्षेपण गरेको छ। शुक्रबार विभागले राष्ट्रिय मनसुन फोरम कार्यक्रममार्फत उक्त प्रक्षेपण सार्वजनिक गरेको हो।

मनसुनको ऋतुगत अवस्थाबारे प्रस्तुतीकरण दिँदै जल तथा मौसम विज्ञान विभागका मौसमविद् सुदर्शन हुमागाईंले आगामी मनसुन ऋतुमा देशका अधिकांश स्थानमा सरदरभन्दा कम वर्षा हुने सम्भावना रहेको बताउनुभयो। उहाँले आगामी जेठ १८ देखि असोज १४ सम्म रहने मनसुनमा अधिकांश भू-भागमा सरदरभन्दा कम वर्षा हुने तथा अधिकतम र न्यूनतम तापक्रम भने देशभर सरदरभन्दा बढी रहने सम्भावना रहेको जानकारी दिनुभयो।

उहाँका अनुसार विभागले विश्व मौसम संगठनअन्तर्गत विश्व तथा क्षेत्रीय जलवायु सूचना उत्पादन केन्द्रहरूको हावापानी प्रारूप, दक्षिण एसियाली जलवायु दृष्टिकोण मञ्च (सास्कोफ) लगायतका अन्तरराष्ट्रिय जलवायु मोडेलहरूको विश्लेषणका आधारमा मनसुनको ऋतुगत आकलन तयार गरेको हो।

आकलनमा पूर्वी प्रशान्त महासागरमा विकसित हुने एल-निनो साउदर्न ओस्सिलेसन (इएनएसओ), हिन्द महासागरमा विकसित हुने इन्डियन ओसन डाइपोल (आईओडी), युरोप तथा एसियामा हिउँद र प्रि-मनसुन अवधिमा परेको हिमपात तथा अन्तरऋतु परिवर्तनशीलताका कारकलाई समेत आधार बनाइएको विभागले जनाएको छ।

हाल प्रशान्त महासागरमा इएनएसओ तटस्थ अवस्थामा रहे पनि एल-निनोतर्फ उन्मुख रहेको तथा हिन्द महासागरमा विकसित हुने आईओडी पनि अहिले तटस्थ अवस्थामा रहेको हुमागाईंले बताउनुभयो। उहाँका अनुसार आगामी मनसुनको अन्त्यसम्ममा आईओडी सकारात्मक अवस्थामा पुग्ने सम्भावना विभिन्न विश्वव्यापी जलवायु मोडेलहरूले देखाएका छन्।

यद्यपि, ऋतुगत जलवायु समुद्री तथा वायुमण्डलीय प्रणाली, भू-उपयोगलगायत विविध कारकमा निर्भर रहने भएकाले जलवायु प्रारूपहरूलाई सतप्रतिशत विश्वसनीय मान्न कठिन हुने उहाँले स्पष्ट पार्नुभयो।

गत वर्षको मनसुनको समीक्षा गर्दै उहाँले विभागले २०८२ सालको मनसुनमा अधिकांश स्थानमा सरदरभन्दा बढी वर्षा हुने आकलन गरे पनि देशका धेरैजसो केन्द्रमा सरदरभन्दा कमदेखि सरदर वर्षा मापन भएको जानकारी दिनुभयो। केही स्थानमा भने सरदरभन्दा बढी वर्षा भएको थियो।

तापक्रमतर्फ भने विभागको आकलनअनुसार नै अधिकांश स्थानमा सरदरभन्दा बढी अधिकतम तथा न्यूनतम तापक्रम रेकर्ड भएको उहाँले बताउनुभयो।

विभागका अनुसार यस वर्ष कर्णाली प्रदेशका दक्षिणी भू-भाग, लुम्बिनी प्रदेशका अधिकांश क्षेत्र, मधेश प्रदेशका पूर्वी भू-भाग तथा कोशी प्रदेशका दक्षिणी क्षेत्रमा सरदरभन्दा कम वर्षा हुने सम्भावना ५५ देखि ६५ प्रतिशत रहेको छ।

त्यस्तै, सुदूरपश्चिम प्रदेशका अधिकांश भू-भाग, मधेश प्रदेशका पश्चिमी भू-भाग तथा कोशी प्रदेशका मध्य भू-भागमा सरदरभन्दा बढी वर्षा हुने सम्भावना ४५ देखि ५५ प्रतिशत रहेको विभागले जनाएको छ।

कर्णाली र कोशी प्रदेशका उत्तरी भू-भागमा भने सरदर वर्षा हुने सम्भावना ३५ देखि ४५ प्रतिशत रहेको बताइएको छ। बाँकी अधिकांश क्षेत्रमा सरदरभन्दा कम वर्षाको सम्भावना ३५ देखि ४५ प्रतिशत रहेको विभागको आकलन छ।

साथै सुदूरपश्चिम, कर्णाली, लुम्बिनी, गण्डकी, बागमती, मधेश र कोशी प्रदेशका विभिन्न भू-भागमा सरदरभन्दा बढी तापक्रम रहने सम्भावना ५५ देखि ६५ प्रतिशत रहेको विभागले जनाएको छ।

त्यस्तै, देशभर सरदरभन्दा न्यूनतम तापक्रम बढ्ने विभागको निष्कर्ष छ। विशेषगरी सुदूरपश्चिम, कर्णाली, बागमती, मधेश र कोशी प्रदेशका केही क्षेत्रमा न्यूनतम तापक्रम सरदरभन्दा बढी रहने सम्भावना ५५ देखि ६५ प्रतिशतसम्म रहेको बताइएको छ।

विभागअन्तर्गत हावा पानी विश्लेषण शाखाका इन्जार्ज सुजन सुवेदीले मनसुन नेपालको सबैभन्दा संवेदनशील मौसम प्रणाली भएको उल्लेख गर्दै वार्षिक वर्षाको करिब ८० प्रतिशत हिस्सा मनसुन अवधिमै हुने जानकारी दिनुभयो। उहाँका अनुसार गत वर्ष मनसुन औसतभन्दा १५ दिन अगाडि नेपाल प्रवेश गरेको थियो भने बहिर्गमन आठ दिन ढिलो भएको थियो। दीर्घकालीन प्रवृत्ति हेर्दा मनसुन चाँडै सुरु हुने र ढिलो सकिने क्रम देखिएको उहाँले बताउनुभयो।

गत वर्षको मनसुनका लागि विभागले औसतभन्दा बढी वर्षा हुने प्रक्षेपण गरेको थियो। जुलाईको सुरुमा अद्यावधिक गर्दा विशेषगरी तराई क्षेत्रमा वर्षा सम्भावना अझ बढाइएको उहाँले जानकारी दिनुभयो। तथापि, जुनदेखि सेप्टेम्बरसम्मको अवधिमा औसतको करिब ९० प्रतिशत मात्रै वर्षा भएको उहाँले बताउनुभयो।

गत अक्टोबरमा भएको असाधारण वर्षाले समग्र मनसुन अवधिको वर्षा परिमाण बढाएको उहाँले उल्लेख गर्नुभयो। अक्टोबरमा नेपालका धेरै स्थानमा २०० मिलिमिटरभन्दा बढी वर्षा भएको तथा १५ भन्दा बढी स्टेसनमा ६०० मिलिमिटरभन्दा बढी वर्षा रेकर्ड भएको उहाँले जानकारी दिनुभयो।

उहाँले पश्चिम बंगाल क्षेत्रमा विकसित 'मोन्था' चक्रवातको प्रभावका कारण पनि नेपालमा भारी वर्षा भएको बताउनुभयो। त्यसले समग्र मनसुन वर्षामा अतिरिक्त योगदान गरेको उहाँको भनाइ थियो।

सुवेदीले नेपालमा क्षेत्रीय तहमा मनसुन पूर्वानुमान अझै चुनौतीपूर्ण रहेको स्वीकार गर्नुभयो। सुवेदीले मौसम तथा जलवायु अध्ययनमा स्थानीय भूगोल, वर्षाको वितरण र दीर्घकालीन तथ्याङ्को महत्त्व अत्यधिक रहने उल्लेख गर्दै वैज्ञानिक पूर्वानुमानलाई अझ प्रभावकारी बनाउन निरन्तर अध्ययन र सुधार आवश्यक रहेको बताउनुभयो।

जलवायु तथा विपद् व्यवस्थापनविद् डा धर्मराज उप्रेतीले सुपर एल निनोले दक्षिणी एसियाली देशमा आउने मनसुनी अवधि मा औसतभन्दा कम वर्षा तथा औसतभन्दा बढी गर्मीको संभावना देखाएको छ।

**मौसम सेवा थप विश्वसनीय बनाउनुपर्नेमा जोड**

ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका सचिव सरिता दवाडीले जलवायु परिवर्तनको बढ्दो प्रभावसँगै जल तथा मौसमसम्बन्धी अध्ययन, अनुसन्धान र पूर्वानुमान सेवालाई अझ प्रभावकारी बनाउनुपर्ने बताउनुभएको छ।

उहाँले पछिल्लो समय जलवायुजन्य प्रभावका कारण वन, जलस्रोत तथा पर्यावरण क्षेत्रमा गम्भीर असर देखिन थालेको उल्लेख गर्दै यससम्बन्धी अनुसन्धान अत्यन्त संवेदनशील र महत्त्वपूर्ण विषय बनेको बताउनुभयो।

उहाँले केही वर्षयता जल तथा मौसम सेवाको पहुँच द्रुत गतिमा विस्तार हुँदै गएको र सेवाप्रति आम नागरिकको विश्वास पनि बढ्दै गएको उल्लेख गर्नुभयो। "विपद् जोखिम न्यूनीकरण र जनधनको सुरक्षा गर्न मौसम पूर्वानुमान सेवा अत्यन्त महत्त्वपूर्ण बनेको छ," उहाँले भन्नुभयो।

सचिव दवाडीले आधुनिक प्रविधिको प्रयोगमार्फत जल तथा मौसम पूर्वानुमान प्रणालीलाई थप सुदृढ बनाउने काम भइरहेको जानकारी दिनुभयो। विभागले सात दिनसम्मको वर्षा पूर्वानुमानलाई अझ प्रभावकारी बनाउने लक्ष्यका साथ काम गरिरहेको उहाँको भनाइ थियो।

उहाँले दुर्गम तथा जोखिमयुक्त स्थानसम्म मौसम सेवा विस्तार गर्नुपर्ने आवश्यकता औँल्याउँदै स्थानीय तहसम्म विश्वसनीय सूचना पुऱ्याउन आग्रह गर्नुभयो। "मौसम तथा जलवायु सेवाले आम नागरिकको जीवन, कृषि, जलस्रोत व्यवस्थापन र विपद् न्यूनीकरणमा प्रत्यक्ष प्रभाव पार्ने भएकाले यसलाई अझ विश्वासिलो बनाउन आवश्यक छ," उहाँले बताउनुभयो।

जलवायु परिवर्तनका कारण जोखिम र विपद्का घटना तीव्र बन्दै गएको उल्लेख गर्दै उहाँले नेपाल सरकारले जलवायु परिवर्तन अनुकूलन तथा मौसम सेवाको सुदृढीकरणलाई प्राथमिकतामा राखेको जानकारी दिनुभयो।

उहाँका अनुसार जलवायु तथा मौसम विज्ञानसम्बन्धी संस्थागत संरचना सुदृढ गर्न मन्त्रालयले विभिन्न नीतिगत तथा प्राविधिक पहल अघि बढाइरहेको छ। विभागमा जनशक्ति व्यवस्थापन, प्राविधिक क्षमता अभिवृद्धि तथा आधुनिक उपकरण विस्तारका काम भइरहेको उहाँले बताउनुभयो।

सचिव दवाडीले जलवायु परिवर्तनका कारण हिमताल विस्फोट, अतिवृष्टि, बाढी तथा पहिरोजस्ता विपद्का जोखिम बढिरहेको उल्लेख गर्दै पूर्वतयारी, पूर्वानुमान र सूचना प्रणालीलाई अझ मजबुत बनाउनुपर्नेमा जोड दिनुभयो। "अबको आवश्यकता भनेको वैज्ञानिक अध्ययन, विश्वसनीय पूर्वानुमान र प्रभावकारी सूचना प्रणालीमार्फत जनधनको क्षति न्यूनीकरण गर्नु हो," उहाँले भन्नुभयो।

**खडेरीका कारण चालु आवमा धान उत्पादनमा ह्रास**

गत वर्ष मनसुन ऋतुमा देशका अधिकांश स्थानमा सरदरभन्दा बढी वर्षा हुने सम्भावना रहेको प्रक्षेपण गरिए पनि सबै स्थानमा धान रोपाईका लागि भने मनसुन अनुकूलन नदेखिएको जनाइएको छ। बर्खे धान रोप्ने समयमा खडेरी परेपछि यसपटक धान उत्पादनमा पनि कमी आएको मन्त्रालयको भनाइ छ।

विषेशगरी कोशी र मधेश प्रदेशमा परेका खडेरीका कारण उत्पादनमा कमी आएको हो। कृषि तथा पशुपन्छी विकास मन्त्रालयका अनुसार आर्थिक वर्ष २०८१/८२ मा धान बाली भित्राइएको कुल क्षेत्रफल १४ लाख २० हजार ६ सय ३६ हेक्टर क्षेत्रफल रहेको थियो। चालु आवमा तीन दशमलव आठ प्रतिशतले घटेर १३ लाख ७६ हजार ८७२ हेक्टर क्षेत्रफल कायम रहेको मन्त्रालयको अनुमान छ। यसैगरी आव २०८१/८२ मा ५९ लाख ५५ हजार ४७६ मेट्रिक टन उत्पादन भएकोमा चालु आव चार दशमलव २० प्रतिशतले कमी भई ५७ लाख ५ हजार १२६ मेट्रिक टन उत्पादन भएको मन्त्रालयको तथ्याङ्मा उल्लेख छ। यसैगरी उत्पादकत्व गत आवमा चार दशमलव१९ मेट्रिक टन प्रतिहेक्टर रहेकोमा आव २०८२/८३ मा उत्पादकत्व एक दशमलव १६ प्रतिशतले घटेर चार दशमलव १४ मेट्रिक टन प्रतिहेक्टर हुन पुगेको छ।

# उपकुलपतिका लागि दरखास्त आह्वान

काठमाडौं, २५ वैशाख (रासस)।

विभिन्न विश्वविद्यालयमा रिक्त उपकुलपति सिफारिस गर्न गठित समितिले दरखास्त आह्वान गरेको छ। उपकुलपति छनोट तथा सिफारिस समितिले आठ वटा विश्वविद्यालयका निम्ति दरखास्त आह्वान गरेको हो।

समितिले त्रिभुवन विश्वविद्यालय, पूर्वाञ्चल विश्वविद्यालय, पोखरा विश्वविद्यालय, लुम्बिनी बौद्ध विश्वविद्यालय, कृषि तथा वन विश्वविद्यालय, मध्यपश्चिम विश्वविद्यालय, सुदूरपश्चिम विश्वविद्यालय र राजर्षि जनक विश्वविद्यालयको रिक्त उपकुलपतिका लागि आवेदन माग गरेको हो।

समितिले 'विभिन्न विश्वविद्यालयको उपकुलपति छनोट तथा सिफारिससम्बन्धी एकीकृत कार्यविधि, २०८३' शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको 'वेबसाइट'मा राखेको छ।


भूमि सुधार तथा मालपोत कार्यालय सप्तरी,राजविराज

मिति :-२०८३/०१/२२

**विषय:- ३५ दिने हकदावी सम्बन्धी सार्वजनिक सूचना।**

[illegible] साबिक [illegible] सा.कि.नं. १३४४ को ज.वि. ०-१-७ जग्गा मध्ये [illegible] सा.कि.नं.१३४४ ज.वि. [illegible] जग्गा २०२८ सालमा [illegible] जग्गा दर्ता नामसारी समेत गरी पाऊँ भनी जिल्ला सप्तरी गा.वि.स. हनुमाननगर वार्ड नं.१ हाल हनुमाननगर कङ्कालिनी न.पा. वडा नं. ५ बस्ने [illegible] राम लाल दासको यस कार्यालयमा द.नं. [illegible] मिति २०८२/०१/०६ [illegible] हकदावी सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गर्न मिति २०८३/०१/२२ मा आदेश भए बमोजिम यो ३५ दिने हकदावी सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरिएको छ। तपसिलमा उल्लेखित जग्गा निवेदकबाहेक अरु कसैको हक लाग्ने भए वा निवेदकको नाममा छुट जग्गा दर्ता नामसारी गर्दा कसैको हक जानेछ वा अन्य कुनै व्यक्ति विशेष वा नेपाल सरकार, सार्वजनिक, सामुदायिक, डगर, बाटो, ऐलानी, प्रति, गौचर, समसानघाट, पैनी, पोखरी, पार्टी, हाट,मेला लाग्ने ठाँउ वा सरकारी जग्गा भए/ नभएको सम्बन्धमा यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा सप्रमाण सहित यस कार्यालयमा आई उजुरी गर्नुहोला। म्यादभित्र कसैको हकदावी उजुरी पर्न नआएमा निवेदकहरूको माग दावी बमोजिम छुट जग्गा दर्ता नामसारी गर्ने तर्फ कानून बमोजिम कारवाही भै जानेछ। यस सम्बन्धमा पछि कुनै पनि उजुरी दावी नलाग्ने व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराईन्छ।

तपसिल

| साबिक कि.नं. | साबिक दर्तावाला | गा.वि.स. | वार्ड नं. | हालको कि.नं. | क्षेत्रफल | हालको दर्तावाला | कैफियत |
| --- | --- | --- | --- | --- | --- | --- | --- |
| १३४४ | फकिर लाल भगती | राजविराज | ४क | २८ | ०-०-४ | राम लाल दास | यो जग्गा [illegible] |



डा. भगवती यादव
Dr. Bhagwati Yadav
MBBS, MD Paediatrics (USC)
NMC Reg. No. : 11389
नवजात शिशु तथा बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# हिमाल आरोहणप्रति बढ्दो विदेशीको मोह

**अच्युत रेग्मी**

काठमाडौँ, २५ वैशाख (रासस)।

वसन्त ऋतु हिमाल आरोहणको मौसम अर्थात स्वदेशी तथा विदेशी आरोहीहरुका लागि हिमाल आरोहण गर्ने समय। कतिपय नयाँ आरोहीहरु आरोहणका लागि तयारी गर्दैछन् भने कोही विगतमा आफूले राखेका वा अन्य आरोहीका रेकर्डहरु तोड्दै नयाँ कीर्तिमानहरु राख्न आतुर देखिन्छन्।

नेपाल पर्यटन बोर्डले छ हजार ५०० मिटरभन्दा उचाइका हिमाल आरोहणलाई अनुमति दिँदै आएको छ भने नेपाल पर्वतारोहण सङ्घ (एनएमए)ले भने पाँच हजार ८०० देखि छ हजार ५०० उचाइका २७ हिमाललाई आरोहण अनुमति दिँदै आएको छ।

यसपटक सेभेन समिट ट्रेक्सबाट मात्र ८५ जनाले सगरमाथा आरोहण गर्दैछन्। सगरमाथा आरोहणका लागि ४६४ जनाले अनुमति लिएकोमा सेभेन समिटबाट मात्र ८५ जना रहेको यसका सञ्चालक मिङ्मा शेर्पा बताउनुहुन्छ। सेभेन समिटले लामो समयदेखि विभिन्न देशका आरोहीलाई सगरमाथा आरोहण गराउँदै आएको छ। यसबाहेक इलाइट एक्सिपिडिसन, ट्याग नेपाल, इम्याजिङ नेपाल एक्सिपिडिसन, हिमालयन गाइड एक्सिपिडिसन, आठ के एक्सिपिडिसनलगायतले विदेशी आरोहीलाई सगरमाथा आरोहण गराउँदै आएका छन्।

प्राकृतिक सम्पदाले धनी देश नेपालमा विश्वको सर्वोच्च शिखर सगरमाथा रहेको छ। विश्वमा आठ हजार मिटरभन्दा अग्ला १४ हिमाल रहेकोमा नेपालमा मात्र आठ वटा पर्दछन्। हिमालैहिमालको देश नेपालमा हिमाल चढ्नकै लागि पनि बर्सेनि हजारौँ आरोही आउने गरेका छन्। यस वर्षको वसन्त ऋतुमा हिमाल आरोहण गर्न एक हजार ७२ आरोहीले अनुमति लिएका छन्।

पर्यटन विभागका अनुसार वसन्त ऋतुमा विभिन्न हिमाल आरोहणका लागि सन् २०२६ को मार्च १ देखि शुक्रबारसम्म ७९ देशका एक हजार ७२ आरोहीले अनुमति लिएका हुन्। अनुमति लिनेमा ८११ पुरुष र २६१ महिला रहेका छन्। हिमाल आरोहण अनुमति लिने सङ्ख्या अझै थपिनसक्ने विभागले जनाएको छ। गत वर्ष वसन्त ऋतुमा हिमाल आरोहणका लागि एक हजार १४० जना आरोहीले आरोहण अनुमति लिएका थिए। उक्त आरोहण अनुमति दिएवापत नेपालले रु ७९ करोड ४७ लाख रुपैयाँ राजस्व सङ्कलन गरेको थियो। यस्तै सन् २०२४ मा ९९१ जनाले हिमाल आरोहण अनुमति लिएका थिए।

नेपाल पर्वतारोहण सङ्घ (एनएमए)का महासचिव राजेन्द्र लामा कोरोना महामारीपछि नेपालको हिमाल आरोहणका लागि विदेशी आरोहीको आकर्षण बढेको बताउनुहुन्छ। एनएमएले अनुमति प्रदान गर्ने पाँच हजार ८०० देखि छ हजार ५०० उचाइका २७ हिमाल आरोहणका लागि पनि विदेशी आरोहीको हुटहुटी बढेको उहाँको भनाइ छ। महासचिव लामाका अनुसार सङ्घले सन् २०२४ को जुलाईदेखि २०२५ को जुलाईसम्म दुई हजार २०४ परमिट जारी गरेको छ। जसबाट एनएमएले रु १६ करोड हाराहारीमा राजस्व सङ्कलन गरेको छ। यस्तै, सन् २०२५ को जुलाईदेखि हालसम्म दुई हजार २५ जनालाई परमिट जारी गरेको छ। उक्त परमिट जारी गरेबापत एनएमएले रु २० करोडभन्दा बढी राजस्व सङ्कलन गरेको छ।

यस वर्ष वसन्त ऋतुका लागि सर्वाधिक अनुमति सर्वोच्च शिखर सगरमाथाका लागि आएको छ। सगरमाथा आरोहणका लागि मात्र हालसम्म ५५ देशका ४६४ आरोहीले अनुमति लिएको पर्यटन विभागका निर्देशक निशा थापा राउतले जानकारी दिनुभयो। सगरमाथा आरोहणका लागि अनुमति लिनेमा ३६४ पुरुष र १०० महिला रहेका छन्।

विभिन्न हिमाल आरोहणका लागि अनुमति लिनेमा सबैभन्दा बढी चिनीयाँ आरोही रहेका छन्। चीनबाट मात्र १३९ जना आरोहीले आरोहण अनुमति लिएको निर्देशक राउतले बताउनुभयो। यसबाहेक, अमेरिकाबाट १३२, भारतबाट पाँच, बेलायतबाट ७२, जर्मनीबाट ६९, रुसबाट छ, क्यानडाबाट ३९, जापानबाट ३५, फ्रान्सबाट २६, अष्ट्रेलिया २४ र युक्रेनबाट २३ जनाले अनुमति लिएका छन्। यस्तै पोल्याण्डबाट ३१, नेपालबाट १७, अर्जेन्टिनाबाट १३, आयरल्याण्डबाट १४, चेक रिपब्लिकबाट १७, इक्वेडरबाट १०, ब्राजिलबाट नौ जनाले आरोहण अनुमति लिएको विभागले जनाएको छ।

सरकारले सर्वोच्च शिखर सगरमाथासहितका विभिन्न २९ हिमाल तथा चुली आरोहणका लागि अनुमति दिएको हो। विभागका निर्देशक राउतका अनुसार सगरमाथाका लागि ४६४, ल्होत्से १११, आमदब्लम १०४, अन्नपूर्ण चार १३, धौलागिरी ३०, सरीबुङ १८, अन्नपूर्ण १ का लागि २७, थोराङ पिक १४, मकालु ७२, नप्तसे ५२, हिमलुङ हिमाल ४६, कञ्चनजङ्गा ३६, बरुण १२ जनाले अनमुति लिएका छन्।

पछिल्लो समय पश्चिम एसियामा जारी द्वन्द्वका कारण नेपालको पर्यटन क्षेत्रमा प्रभाव परेको भए पनि हिमाल आरोहणका लागि भने उत्साहजनक सहभागीता देखिएको छ। यस वर्षको हिमाल आरोहणका लागि अनुमति लिएका आरोहीबाट विभागले रु एक अर्ब १७ करोड ५५ लाख नौ हजार २५९ राजस्व सङ्कलन गरेको छ। विभागले सबैभन्दा धेरै सगरमाथाबाट रु एक अर्ब एक करोड २८ लाख २३ हजार ९२५ राजस्व सङ्कलन गरेको छ।

यस्तै ल्होत्सेबाट रु चार करोड ९७ लाख ७१ हजार ६५०, मकालुबाट रु तीन करोड १७ लाख ८५ हजार ८००, आम दब्लमबाट रु एक करोड ५५ लाख ४५ हजार ५५०, धौलागिरी-१ बाट रु एक करोड ३४ लाख ५४ हजार ५५०, अन्नपूर्ण-१ बाट रु एक करोड २० लाख ४९ हजार १७५, कञ्चनजङ्गाबाट रु एक करोड ६० लाख ८१ हजार ६५० राजस्व सङ्कलन भएको छ।

विभिन्न हिमाल आरोहणका लागि आरोहीहरु गन्तव्यतर्फ लाग्ने क्रम सुरु भएको छ। कतिपय आरोही भने हाल सगरमाथा आधार शिविरमा पुगिसकेका छन्। सगरमाथा आरोहणका लागि अहिले डोरी टाँग्ने काम भइरहेको छ। सगरमाथा आरोहणलाई सहज बनाउनका लागि अहिले सगरमाथा प्रदूषण नियन्त्रण समितिले बेस क्याम्पबाट आइसफल हुँदै क्याम्प दुईसम्म डोरी टाँग्ने काम गरिरहेको छ। समितिका प्रमुख कार्यकारी अधिकृत छिरिङ शेर्पा सगरमाथा बेस क्याम्पबाट आइसफल हुँदै क्याम्प दुईसम्मको बाटो बनाउने काम सम्पन्न भइसकेको बताउनुहुन्छ।

यस्तै क्याम्प दुईदेखि सगरमाथा चुचुरोसम्म डोरी टाँग्ने काम भने पर्वतारोहण सञ्चालक सङ्घ नेपालले गर्दै आएको छ। सङ्घ नेपालका अध्यक्ष डम्बर पराजुली अहिले क्याम्प-३ सम्म डोरी टाँग्ने काम सम्पन्न भइसकेको बताउनुहुन्छ। "मौसमका कारण क्याम्प तीनदेखि सगरमाथा चुचुरोसम्म डोरी टाँग्नका लागि समस्या भइरहेको छ", अध्यक्ष पराजुली भन्नुहुन्छ।

अध्यक्ष पराजुली मौसम राम्रो भएमा अबको चार/पाँच दिनमा सगरमाथा चुचुरोसम्म डोरी टाँग्ने काम सकिने बताउनुहुन्छ। मौसमका कारण गत वर्षको तुलनामा यस वर्ष सगरमाथा आरोहणका लागि बाटो बनाउने र डोरी टाँग्ने काम केही ढिला भएको उहाँको भनाइ छ। अझै क्याम्प-४ हुँदै सगरमाथा चुचुरोसम्म डोरी टाँग्ने काम बाँकी नै रहेको अध्यक्ष पराजुली बताउनुहुन्छ।

हिमाल आरोहणका लागि आएका आरोही र पदयात्रीको स्वास्थ्य जाँचका लागि हिमालयन उद्धार सङ्घले सगरमाथा आधार शिविर र फेरिचेमा चिकित्सकको टोली खटाइसकेको छ। हिमालय उद्धार सङ्घका प्रमुख कार्यकारी अधिकृत गोविन्द बस्याल हिमाल आरोहण गर्न जाने आरोही र तीनका सहयोगीको स्वास्थ्यजाँचका लागि तालिमप्राप्त चिकित्सक तथा स्वास्थ्यकर्मीको टोली सगरमाथा क्षेत्रमा परिचालन गरिसकेको बताउनुहुन्छ।

आरोहीको स्वास्थ्य जाँचका लागि सगरमाथा आधार शिविरमा अष्ट्रेलियाली चिकित्सक सामन्था एलिसन विल्स, नेपाली चिकित्सक पिन्स सिंह र सहयोगीका रुपमा लाक्पा नोर्बु शेर्पा खटिनुभएको छ। यस्तै फेरिचे स्वास्थ्यचौकीमा अष्ट्रेलियाली चिकित्सक रेबेका एलेन कारपेन्टर, अमेरिकाका डा केटलिन ब्रुक हार्पर, नेपाली चिकित्सक आकृति सिंह र सहयोगीका रुपमा आङ दावा शेर्पा र थानेश्वर भण्डारी खटिनुभएको सिइओ बस्याल बताउनुहुन्छ।

विश्वको सर्वोच्च शिखर सगरमाथाको सफल आरोहण २०० जेठ १६ (सन् १९५३ मे २९ देखि सुरु भएको हो। सगरमाथाको पहिलो आरोही न्युजिल्याण्डका सर एडमन्ड हिलारी र नेपालका तेन्जिङ नोर्गे शेर्पा हुनुहुन्छ। उहाँहरुले पहिलोपटक सगरमाथाको चुचुरोमा पाइला टेकेको दिनलाई सगरमाथा दिवसका रुपमा मनाइँदै आइएको छ।

# एघार प्रकारका औषधि उत्पादन गर्दै आयुर्वेद केन्द्र

चितवन, २५ वैशाख (रासस)।

आयुर्वेद औषधि उत्पादन केन्द्र रत्ननगरले ११ प्रकारका औषधि उत्पादन गर्दै आएको छ। केन्द्रले गत आर्थिक वर्षमा नौ प्रकारका औषधि उत्पादन गर्दै आएकामा यस वर्ष थप दुई प्रकारका औषधि उत्पादन गरेको हो।

औषधि व्यवस्था विभागबाट २० प्रकारका औषधि उत्पादन गर्ने अनुमति प्राप्त गरेको भए पनि अहिले ११ वटा मात्रै उत्पादन गर्दै आएको केन्द्रका प्रमुख डा सुरेश महर्जनले जानकारी दिनुभयो।

उहाँका अनुसार अहिले उत्पादन हुँदै आएकामा चूर्ण (धुलो) औषधि हुन्। केन्द्रले अब टचाब्लेटमा औषधि उत्पादन गर्दैछ। पहिलो पटक नौ प्रकारका टचाब्लेट औषधि उत्पादनका लागि अनुमति लिएर काम सुरु गरेको उहाँले बताउनुभयो। उहाँले भन्नुभयो, "पहिलो पटक हामी टचाब्लेट औषधि उत्पादन गर्ने प्रक्रियामा रहेका छौँ।"

केन्द्रले अहिले अश्वगन्धा चूर्ण ५० ग्राम र १०० ग्राम, अविपतिकर चूर्ण ५० ग्रम, महासुदर्शन चूर्ण ५० ग्राम, निमबादी चूर्ण ५० ग्राम, पुस्यानुग चूर्ण ५० ग्राम, त्रिफला चूर्ण ५० ग्राम, सीतोपलादी चूर्ण ५० ग्राम, आमलकी चूर्ण १०० ग्राम, बिल्वादी चूर्ण ५० ग्राम, हिङ्गबास्टक चूर्ण ५० ग्राम रहेका छन्।

यस्तै, खदिरादी वटी, सर्पगन्धाघन वटी, गन्धक रसायन, चन्द्रप्रभा वटी, मटाशङ्ख वटी, रजप्रवर्तिनी वटी, योगराज गुग्गुलु, महायोगराज गुग्गुलु, कैशोर गुग्गुलु टचाब्लेट उत्पादनको तयारीमा रहेको उहाँले जानकारी दिनुभयो।

बागमती प्रदेश सरकारको अनुमति र सङ्घीय सरकारको मापदण्डमा रहेर औषधि उत्पादन गर्दै आएको उहाँले जानकारी दिनुभयो। अहिले केन्द्रले २३ औषधि उत्पादनलाई प्राथमिकतामा राखेर काम गर्दै आएको छ। उहाँका अनुसार केन्द्रले प्रदेश सरकारबाट ११९ औषधि उत्पादनका अनुमति पाइसकेको छ।

सरकारले प्राथमिकतामा राखेका २३ औषधि उत्पादन गर्ने तयारी गरिरहेको उहाँले बताउनुभयो। सरकारले अत्यावश्यकभित्र राखेका औषधि उत्पादन गरेर निःशुल्क उपलब्ध गराउने तयारी गरेको छ।

सरकारले जारी गरेको कुशल औषधि उत्पादन अभ्यास निर्देशिका २०८२ अनुसार औषधि उत्पादन र सिफारिस गरिएको उहाँले बताउनुभयो। बागमती प्रदेशभित्र रहेका जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्रमा औषधि पुऱ्याउने गरी काम गरिएको उहाँले जानकारी दिनुभयो।

## विश्व समाचार

# हर्मुज क्षेत्रमा तनावपछि ट्रम्पको प्रतिक्रिया : स्थिति नजिकबाट निगरानीमा

वासिङ्टन, २५ वैशाख (रासस/सिन्ह्वा)।

अमेरिकाका राष्ट्रपति डोनाल्ड ट्रम्पले बिहीबार तीनवटा अमेरिकी नौसेनाका 'डेस्ट्रोयर' हरू सुरक्षित रहेको र कुनै क्षति नभएको जानकारी दिनुभएको छ। ती युद्धपोतहरू हालै हर्मुज जलडमरूमध्य पार गर्ने क्रममा रहेका थिए।

राष्ट्रपति ट्रम्पले सामाजिक सञ्जाल ट्रुथ सोसलमार्फत आफ्नो धारणा सार्वजनिक गर्दै ती युद्धपोतहरू 'विश्वस्तरीय' भएको उल्लेख गर्नुभएको छ। उहाँका अनुसार जहाजहरूले सुरक्षित रूपमा आफ्नो यात्रा पूरा गरेको छ।

अमेरिकी सैन्य स्रोतहरूका अनुसार, सो क्षेत्रमा इरानी पक्षबाट मिसाइल, ड्रोन तथा साना जहाजमार्फत अमेरिकी नौसैनिक जहाजहरूलाई लक्षित गरिएको थियो। तर अमेरिकी सेनाले ती आक्रमणहरूलाई सफलतापूर्वक रोक्दै आवश्यक प्रतिकारात्मक कारबाही गरेको बताइएको छ।

राष्ट्रपति ट्रम्पले अमेरिकी जहाजहरूमा कुनै क्षति नभएको स्पष्ट पार्दै इरानी आक्रमणकारीहरूलाई भने उल्लेखनीय क्षति पुगेको दाबी गर्नुभएको छ। साथै, उहाँले भविष्यमा यस्ता गतिविधि दोहोरिए अझ कडा र प्रभावकारी प्रतिक्रिया दिइने चेतावनी पनि दिनुभएको छ।

उहाँले इरानलाई छिटो कूटनीतिक सम्झौता गर्न आग्रह गर्दै, भविष्यमा थप कडा कदम चालिन सक्ने सङ्केत पनि गर्नुभएको छ।

हर्मुज जलडमरूमध्य विश्वको अत्यन्त महत्वपूर्ण तेल आपूर्ति मार्ग मानिन्छ। पछिल्लो समय यस क्षेत्रमा देखिएको तनावले अन्तर्राष्ट्रिय सुरक्षा तथा ऊर्जा आपूर्तिमा चिन्ता बढाएको छ।

अमेरिकी अधिकारीहरूले आफ्नो सेनालाई सुरक्षा गर्न पूर्ण रूपमा सक्षम रहेको जनाउँदै, परिस्थितिलाई थप जटिल बनाउन नचाहेको पनि स्पष्ट पारेका छन्।

यसैबीच, यस क्षेत्रको अवस्थालाई लिएर अन्तर्राष्ट्रिय समुदायले समेत नजिकबाट निगरानी गरिरहेको बताइएको छ।

# विकासको नयाँ परिभाषातर्फ विश्व समुदाय : राष्ट्रसङ्घ

राष्ट्रसङ्घ, २५ वैशाख (रासस/सिन्ह्वा)।

संयुक्त राष्ट्रसङ्घले विश्वका देशहरूको विकासलाई अझ समावेशी, सन्तुलित तथा दिगो रूपमा मूल्यांकन गर्न नयाँ विश्वव्यापी 'सूचक पटल' प्रस्ताव गरेको छ। उक्त प्रस्तावले कुल गार्हस्थ उत्पादनसँगै नागरिकको जीवनस्तर, सामाजिक अवस्था, समानता तथा वातावरणीय संरक्षणलाई पनि विकासका महत्वपूर्ण आधारका रूपमा समेट्ने उद्देश्य राखेको छ।

मानिस र पृथ्वीका लागि प्रगतिको दिशा देखाउने मापन' नामक प्रतिवेदन संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसको स्वतन्त्र उच्चस्तरीय विज्ञ समूहद्वारा सार्वजनिक गरिएको हो। प्रतिवेदनमा आर्थिक वृद्धिसँगै मानव कल्याण, सामाजिक न्याय तथा वातावरणीय दिगोपनलाई समान महत्व दिइएको छ।

महासचिव गुटेरेसले कुल गार्हस्थ उत्पादन आर्थिक प्रगतिको महत्वपूर्ण सूचक भए पनि यसले समाजको सम्पूर्ण अवस्था पूर्ण रूपमा प्रतिबिम्बित गर्न नसक्ने उल्लेख गर्नुभएको छ। उहाँले असमानता, गरिबी, स्वास्थ्य, शिक्षा, शान्ति तथा वातावरणीय संरक्षणजस्ता विषयलाई विकास मूल्यांकनमा सम्मानपूर्वक समावेश गर्न आवश्यक रहेको बताउनुभएको छ।

संयुक्त राष्ट्र महासभाकी अध्यक्ष एनालेना बेयरबोकका अनुसार प्रस्तावित सूचक पटलमा ३१ वटा सूचक समावेश गरिएको छ, जसले आर्थिक, सामाजिक तथा वातावरणीय अवस्थाको विस्तृत र सन्तुलित चित्र प्रस्तुत गर्ने अपेक्षा गरिएको छ। साथै, विपद् तथा सङ्कट सामना गर्ने समाजको क्षमतासमेत यसमा समेटिएको छ।

विज्ञ समूहकी सह-अध्यक्ष नोरा लस्टिगले कुल गार्हस्थ उत्पादनले असमानता, गरिबी तथा वातावरणीय क्षतिजस्ता संवेदनशील पक्षलाई पर्याप्त रूपमा समेट्न नसक्ने धारणा व्यक्त गर्नुभएको छ। अर्का सह-अध्यक्ष कौशिक बसुले विकास भनेको केवल आर्थिक वृद्धि मात्र नभई शिक्षा, स्वास्थ्य, कला, संस्कृति तथा नागरिकको जीवनस्तरमा सकारात्मक सुधार पनि भएको उल्लेख गर्नुभएको छ।

संयुक्त राष्ट्रसङ्घका अनुसार लामो समयदेखि कुल गार्हस्थ उत्पादन नीति निर्माणको प्रमुख आधारका रूपमा प्रयोग हुँदै आएको छ। तर केवल यसैमा निर्भर हुँदा अर्थतन्त्र वृद्धि भए पनि वातावरण, सुरक्षा तथा जनजीवनको गुणस्तरमा असर पर्न सक्ने सम्भावना रहने बताइएको छ।

यो प्रतिवेदनले सरकारहरूलाई समावेशी विकास, दिगोपन तथा जनकल्याणलाई प्राथमिकता दिँदै प्रभावकारी नीति निर्माणमा सहयोग पुग्ने विश्वास व्यक्त गरिएको छ। साथै, विकासलाई केवल आर्थिक उपलब्धिमा सीमित नराखी मानव जीवनको गुणस्तर र प्रकृतिको संरक्षणसँग जोडेर हेर्नुपर्ने आवश्यकता पनि प्रतिवेदनले औँल्याएको छ।

# समस्याग्रस्त सहकारीका ठूला ऋणीहरूको नाम सार्वजनिक

काठमाडौं, २५ वैशाख (रासस)। समस्याग्रस्त सहकारी व्यवस्थापन समितिले समस्याग्रस्त सहकारीका ठूला ऋणीहरूको नाममा सार्वजनिक गर्न सुरु गरेको छ।

समितिका अनुसार बुधबार समस्याग्रस्त घोषित १० वटा सहकारीका ठूला ऋणीहरूको नाम सार्वजनिक गरिएको छ। अन्य समस्याग्रस्त सहकारीका ठूला ऋणीका नाममा क्रमशः सार्वजनिक गर्ने समितिले जनाएको छ।

समितिले सूचना जारी गर्दै सम्बन्धित ऋणीहरूले यथाशीघ्र समितिको कार्यालयमा सम्पर्क गरी ऋण चुक्ता गर्न निर्देशन दिँदै अन्यथा कानुनबमोजिम असुली गरिने जनाएको छ। अन्य ऋणीहरूको नामावलीसमेत क्रमिक रूपमा प्रकाशित हुने भएकाले त्यस्ता ऋणीहरूले पनि कार्यालयमा यथाशीघ्र सम्पर्क गरी ऋण तिर्न आग्रह गरेको छ।

समितिले बिहीबार घेदुङ बहुउद्देश्यीय सहकारी, हाम्रो सगरमाथा बहुउद्देश्यीय सहकारी, तपाईं हाम्रो बहुउद्देश्यीय सहकारी, नागरिक कल्याण बहुउद्देश्यीय सहकारी, आइडियल यमुना बहुउद्देश्यीय सहकारी, तुलसी बहुउद्देश्यीय सहकारी, नेपाल वित्तीय सहकारी, ओरियन्टल कोअपरेटिभ सहकारी, गौतम श्री सहकारी र नेपाल सहकारी वित्तीयका ठूला ऋणीका नाममा सार्वजनिक गरेको जनाएको छ।

# सेवा प्रवाह सुधार्न मातहतका निकायलाई शिक्षामन्त्रीको निर्देशन

काठमाडौं, २५ वैशाख (रासस)। शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री सस्मित पोखरेलले जनतामा आशा जगाउने गरी सेवा प्रवाह चुस्त, प्रभावकारी र नागरिकमैत्री बनाउन मातहतका निकायलाई निर्देशन दिनुभएको छ।

मंगलबार मन्त्रालयमा आयोजित आर्थिक वर्ष २०८२/८३ को तेस्रो त्रैमासिक प्रगति समीक्षा तथा मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिको बैठकमा उहाँले सेवाग्राहीका समस्या नागरिकका सरोकार र आमजनतालाई केन्द्रमा राखेर सेवा प्रणालीलाई सरल, सहज र परिणाममुखी बनाउन जोड दिनुभएको हो।

सरकारका प्रवक्तासमेत रहनुभएका मन्त्री पोखरेलले सरकारले नीतिगत तथा संरचनागत सुधारमार्फत सुशासन प्रवर्द्धन गर्दै सेवा प्रवाहलाई प्रभावकारी बनाउने दिशामा काम गरिरहेको बताउनुभयो। उहाँले सबै निकायलाई वार्षिक योजना तथा कार्यक्रम लक्ष्यअनुसार सम्पन्न गरी विकास र आर्थिक समृद्धिको लक्ष्यमा योगदान पुर्‍याउन आग्रह गर्नुभयो।

बैठकमा प्रस्तुत विवरणअनुसार चालु आर्थिक वर्षका नौ महिनामा ६४ प्रतिशत वित्तीय प्रगति हासिल भएको छ भने भौतिक प्रगति ७० प्रतिशतभन्दा माथि पुगेको छ। समीक्षा अवधिमा सञ्चालनमा रहेका कार्यक्रमको कार्यान्वयन अवस्था सन्तोषजनक रहेको र निर्धारित समयभित्र लक्ष्य हासिल हुने निष्कर्ष निकालिएको छ।

मन्त्रालयका योजना तथा अनुगमन महाशा प्रमुख एवं सहसचिव शिवकुमार सापकोटाले प्रगति विवरण प्रस्तुत गर्नुभएको थियो भने विभिन्न निकायका प्रमुखले आ-आफ्नो कार्यालयको प्रगति विवरण प्रस्तुत गरेका थिए।

तीन महिनामा लक्षित कार्यक्रमको कार्यान्वयन अवस्था सन्तोषजनक रहेको र आर्थिक वर्षभित्र लक्षित कार्यक्रम पूरा हुने क्रममा रहेको त्यस अवसरमा जानकारी दिइयो।

बैठकमा राष्ट्रिय योजना आयोगका प्रतिनिधि, प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका अधिकारी तथा मन्त्रालय मातहत विभिन्न निकायका प्रमुखको उपस्थिति रहेको थियो।

# स्कारपियोको ठक्करबाट स्कुटर चालकको मृत्यु

**दैनिक समाचारदाता**
**धनुषा, २५ वैशाख।**

ढल्केबर-जनकपुर खडकअन्तर्गत धनुषाको लक्ष्मिनिया गाउँपालिका-४ सपहीचोकमा स्कारपियो गाडीको ठक्करबाट स्कुटर चालक महिलाको मृत्यु भएको छ।

शुक्रबार ढल्केबरबाट जनकपुरतर्फ जाँदै गरेको बा प्र ०१-०३१ च ९०६३ नम्बरको स्कारपियोले परीक्षण कालमा रहेको विद्युतीय स्कुटरलाई ठक्कर दिएको प्रहरीले जनाएको छ।

दुर्घटनामा स्थानीय ३० वर्षीया पुनम साह गम्भीर घाइते भएका थिए। उनलाई उपचारको लागि प्रादेशिक अस्पताल जनकपुर पठाइएकामा चिकित्सकले बाटोमा साहको मृत्यु भइसकेको बताएका इलाका प्रहरी कार्यालय महेन्द्रनगरका प्रहरी निरीक्षक राजाराम यादवले जानकारी दिए।

मृतकको शव परीक्षणका लागि सोही अस्पतालमा राखिएको प्रहरीले जनाएको छ। इलाका प्रहरी कार्यालयका प्रहरी निरीक्षक यादवका अनुसार प्रहरीले स्कारपियो चालक विराटनगर महानगरपालिका-७ निवासी ५२ वर्षीय नरेश राठीलाई नियन्त्रणमा लिएको छ। घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

# आयोगद्वारा यादवविरुद्ध सर्वोच्चमा पुनरावेदन

काठमाडौं, २५ वैशाख (रासस)। अख्तियार दुरुपयोग अनुसन्धान आयोगले विशेष अदालतले गुणस्तर तथा नापतौल कार्यालय वीरगञ्जका तत्कालीन वरिष्ठ निरीक्षक शशिभूषण कुमार यादवसमेतका प्रतिवादीका हकमा गरेको फैसला विरुद्ध सर्वोच्च अदालतमा पुनरावेदन गरेको छ।

गैरकानुनी सम्पत्ति आर्जन गरेको अभियोगमा आयोगले यादव विरुद्ध रु चार करोड ४७ लाख ३४ हजार २१२ बराबरको बिगो माग दाबी गर्दै मुद्दा दायर गरेको थियो। सो मुद्दामा विशेष अदालतले २०८१ असार २३ गतेको फैसलामा आंशिक सफाई दिएको थियो। गैरकानुनी रूपमा आर्जन गरेको सम्पत्ति विभिन्न आफन्तहरूका नाममा राखेको पाइएको छ।

विशेष अदालतले गरेको फैसलामा चित्त नबुझेको भन्दै आयोगले शुक्रबार सर्वोच्च अदालतमा पुनरावेदन गरेको हो। आयोगका प्रवक्ता सुरेश न्यौपानेले प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ अनुसार, थप कारवाहीको माग गर्दै पुनरावेदन गरिएको जानकारी दिनुभयो।

### *विज्ञापनमा लगाएको ...*

निष्पक्ष र विश्वासनीय बनाउनु पर्ने आवश्यकता औंल्याए।

नेपाल पत्रकार महासंघ सप्तरी शाखा अध्यक्ष श्रवण कुमार देवको अध्यक्षतामा आयोजित कार्यक्रममा केन्द्रिय सदस्य ललिता साह, आम संचार प्राधिकरण मधेस प्रदेशका अध्यक्ष जितेन्द्र खड्गा, सप्तरीका प्रहरी उपरीक्षक गौतम कुमार केसी, नेपाल पत्रकार महासंघ मधेस प्रदेश उपाध्यक्ष अम्बिका दाहाल, सप्तरी शाखाका पूर्व अध्यक्षहरु विष्णु कुमार मण्डल, मुरली प्रसाद यादव, धिरेन्द्र प्रसाद साह, प्रकाश खतिवडा लगायतले शुभकामना मन्तव्य व्यक्त गरे।

### *लालपूर्जा माग्दै ...*

नभएकोले पुनःआन्दोलनमा जान बाध्य भएको उल्लेख छ। ध्यानाकर्षण पत्रमा राजविराजको मुख्यबाजार तथा आसपासका गरी ७० बिगहा क्षेत्रफलमा राजविराज नगर स्थापना कालदेखि नै बसोवास गर्दै आएका ५ हजार भन्दा बढी परिवार हालसम्म लालपूर्जा पाउन नसकेको तथा समस्या परेका बेला नगरपालिकाबाट पाएको रसिद कै आधारमा बैंक तथा वितिय संस्थामा उक्त जग्गा धितो राखीपाउँदै गरेको ऋण सुविधा पनि विगत ८ वर्ष देखि रोकिदा नगरवासी समस्यामा परेको उल्लेख छ।

यस्तै ध्यानाकर्षण पत्रमा २०२८ सालमा राजविराज नगरपालिका क्षेत्रको नापी हुँदा उक्त जग्गाहरू गाउँब्लकमा रहेको भनि नापीको फिल्ड बुकमा स्पष्ट उल्लेख भएको, २०१६ सालदेखि २०७५ साल सम्म उक्त जग्गाको खरिद बिक्री हुँदै आएको, अंशबण्डा, रजिष्ट्रेशन पास तथा बैंकमा धितो राखी ऋण पाउने गरेको, राजविराज नगरपालिकाको मिति २०८२ कार्तिक २८ गते बसेको नगर परिषदको बैठकले समेत लालपूर्जा प्रदान गर्न नापी कार्यालयलाई सिफारिश गरि सकेको तथा नापी कार्यालयले पनि व्यक्तिको स्वामित्वमा रहेको उक्त जग्गाको लालपूर्जा प्रदान गर्न लागिएको भनी ३ पटक सूचना जारी गरिएको भएपनि हालसम्म लालपूर्जा वितरण कार्य सुरू नगरिएको प्रति असन्तुष्टि व्यक्त गरिएको छ।

ध्यानाकर्षणपत्र बुझ्दै प्रमुख जिल्ला अधिकारी पोखरेलले तत्काले सम्बन्धित निकायमा पठाउने तथा आफूले पनि शुक्रवार सम्बन्धित सरोकारवाला निकायका प्रतिनिधी तथा संघर्ष समितिका पदाधिकारी राखेर छलफल गरी निकास निकाल्ने प्रतिबद्धता जनाएको जनआन्दोलन परिचालन समितिले जनाएको छ।

यस्तै इरशाद अंसारीको अध्यक्षतमा गठित संघर्ष समितिले पनि आन्दोलनका विभिन्न कार्यक्रम संचालन गरेका थिए। पछिल्लो पटक नवनिर्वाचित प्रतिनिधिसभा सदस्य रामजी यादवले समेत सदनमा यो मुद्दा जोडदार रूपमा उठान गर्दै अविलम्ब राजविराज नगरवासीलाई लालपूर्जा प्रदान गर्न मांग गरेका छन।


## जातीय भेदभाव उन्मूलन गरौं।

- सबै मानिस समान हुन्,
- समावेशी समाज निर्माणमा सबैको समान सहभागिता सुनिश्चित गरौं,
- भेदभावविरुद्ध आवाज उठाउँदै न्याय र समानताको पक्षमा पैरवी गरौं,
- विद्यालय, कार्यस्थल र समुदायमा समान व्यवहार अपनाऔं,
- मानव अधिकारको सम्मान र संरक्षण गरौं,
- विभेदजन्य व्यवहार, घृणा र पूर्वाग्रह त्यागौं,
- सामाजिक सद्भाव, सहिष्णुता र आपसी सम्मान बढाऔं,
- कानुन र नीतिहरूको पालना गर्दै विभेदमुक्त वातावरण बनाऔं,
- नयाँ पुस्तामा समानता र मानवताको मूल्य सिकाऔं।

जातजाति, सम्प्रदाय, लिङ्ग, भाषा वा धर्मका आधारमा हुने विभेदको अन्त्य गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

सूचना! सूचना!! सूचना!!!

**इम्प्याक्ट नेपाल प्राथमिक कान उपचार केन्द्र, राजविराजले सम्पूर्ण उपचार सेवाहरू यही मिति २०८२।१०।१२ (26-01-2026) गतेदेखि गीता पेट्रोल पम्प अगाडीको आफ्नै नयाँ भवन इम्प्याक्ट नेपाल ठाको देवी जोगेन्द्र भगत कान उपचार केन्द्र राजविराजबाट अति अत्याधुनिक प्रविधिबाट सुविधा सहित सम्पूर्ण सेवाहरू उपलब्ध गराउने भएको सहर्ष जानकारी गराउँदछौं।**



हाम्रो सेवाहरू:

१. दैनिक कान जाँच तथा उपचार
२. विभिन्न आधुनिक मेसिनबाट कानको परिक्षण (PTA, Tympanogram, EUM)
३. कानको सुन्ने मेसिन (Hearing Aid)
४. इन्डोस्कोपी (Endoscopy)
५. कानको शल्यक्रिया (Operation)
६. फार्मेसी सेवा

सम्पर्क : ०३१-५९०००५
९८०४७४२२८०, ९८४२२७०७२४


**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शंखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** rajbirajdainik@gmail.com, **वेबसाइट :** rajbirajdainik.com.np